# प्रेस विज्ञप्ति

मिति: १६ जुलाई २०२५

**गैर आवासीय नेपाली संघ, बेलायत (NRNA UK) वैधानिक प्रक्रिया र पछिल्ला महत्वपूर्ण गतिविधिहरू सम्बन्धमा !**

१. सर्वोच्च अदालतको परमादेश

वि.सं. २०८१ साउन २२ गते नेपाल सरकारको सर्वोच्च अदालतबाट जारी परमादेशअनुसार, गैर आवासीय नेपाली संघ (NRNA) अन्तर्गत विश्वभरका राष्ट्रिय समन्वय परिषद् (NCC) हरूका सबै संरचनागत तथा संस्थागत प्रक्रिया उच्चस्तरीय समिति (High Level Committee - HLC) को प्रत्यक्ष मार्गदर्शनमा सञ्चालन गरिनुपर्ने व्यवस्था गरिएको छ।

२. उच्चस्तरीय समितिको कार्यादेश **(TOR)**

सन् २०२५ फेब्रुअरी १६ मा जारी कार्यादेश अनुसार, सम्पूर्ण NCC हरूले आफ्नो निर्वाचन प्रक्रिया सन् २०२५ अप्रिल १५ भित्र सम्पन्न गरिसक्नुपर्ने स्पष्ट निर्देशन जारी गरिएको थियो।

३. **NRNA UK** को वैधानिक मान्यता

सन् २०२५ अप्रिल १० मा, गैर आवासीय नेपाली संघ, बेलायत (NRNA UK) ले उच्चस्तरीय समिति (HLC) सँग समझदारीपत्र **(MoU)** मा हस्ताक्षर गरी वैधानिक मान्यता प्राप्त गरेको छ। यसले एनआरएनए यूकेलाई आधिकारिक र संस्थागत रूपमा मान्यता प्राप्त संस्था बनाएको छ।

४. प्रमुख राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरूमार्च २३, २०२५: एल्डरसटमा उच्चस्तरीय समितिका अध्यक्षको उपस्थितिमा NRNA UK को एकता महाधिवेशन सफलतापूर्वक सम्पन्न।

- मे ३–४, २०२५: काठमाडौंमा सम्पन्न अन्तर्राष्ट्रिय एकता महाधिवेशन, नेपाल सरकारको परराष्ट्र मन्त्रालयको प्रत्यक्ष समन्वयमा।
- जेठ ८, २०८२: संसारभरका नेपाली नियोगहरूमा सो नेतृत्वको आधिकारिक मान्यता पत्र वितरण।
- जुन १२, २०२५: NRNA ICC र HLC मान्यता प्राप्त कार्यसमितिबीच द्विपक्षीय समझदारीपत्र **(MoU)** मा औपचारिक हस्ताक्षर।

५. अवैध निर्वाचन सम्बन्धी गम्भीर चेतावनी

राम शरण सिम्खडाले सन् २०२५ जुलाई २६ र २७ मा आयोजना गर्न लागेको निर्वाचन पूर्ण रूपमा अवैध **(Unauthorised)** हो र यसले निम्न निकायहरूको प्रत्यक्ष अवज्ञा गर्दछ:

- नेपाल सरकारको सर्वोच्च अदालत
- नेपाल सरकारको परराष्ट्र मन्त्रालय
- गैर आवासीय नेपाली संघको उच्चस्तरीय समिति (HLC)

यस अवैध गतिविधिलाई न्यायालयको गम्भीर अवमानना **(Serious Contempt of Court)** मानिन्छ, जसले एनआरएनए यूकेको वैधता, प्रतिष्ठा र एकतालाई ठेस पुर्याउने प्रयास हो।

६. निष्कर्ष र आह्वान

एनआरएनए यूकेले वैधानिकता, पारदर्शिता र समावेशी सहभागिताको मूल्यलाई उच्च प्राथमिकतामा राख्दै गैरआवासीय नेपालीहरूको साझा मञ्च निर्माणमा प्रतिबद्धता व्यक्त गर्दछ। सम्पूर्ण नेपाली समुदायलाई यथार्थ र आधिकारिक जानकारीमा आधारित निर्णय लिन र अवैध गतिविधि तथा भ्रम फैलाउने कार्यप्रति सचेत रहन हार्दिक अनुरोध गर्दछौं।

प्रेम गाहा मगर
अध्यक्ष,

जुरेन्द्र खजुम लिम्बु
महासचिव